स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक


## वन डढेलो नियन्त्रण गरौं, वातावरण जोगाऔं

- वन क्षेत्रमा आगो नबालौ,
- सुख्खा घाँसजस्ता ज्वलनशील पदार्थहरू सुरक्षितरूपमा व्यवस्थापन गरौं,
- सलाई, लाइटर तथा प्रज्वलनशील वस्तु बालबालिकाको पहुँचबाट टाढै राखौं,
- चुरोट, बिडीका ठुटा जथाभावी नफालौं। यसले आगलागिको जोखिम निम्त्याउन सक्छ,
- डढेलो नियन्त्रणमा सहभागी बनौ, स्थानीय प्रशासनलाई खबर गरौ,
- वनजङ्गलमा आगो लगाउने व्यक्तिको पहिचान गरौं र यथाशीघ्र नजिकको प्रहरी कार्यालय वा वन कार्यालयमा खवर गरौ,
- समुदायस्तरमा सचेतना फैलाऔं र वन संरक्षणमा योगदान दिऔं।

डढेलो नियन्त्रणको अभियान, सुरक्षित वन हाम्रो पहिचान।

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानुन मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल




खिल बहादुर गुरुङको निर्देशन रहेको फिल्म 'रिमै'को फष्टलुक पोस्टर सार्वजनिक गारिएको छ। सोमबार बुद्ध जयन्ती अवसर पारेर फिल्मका एकसाथ तीन फरक फरक पोस्टर सार्वजनिक गारिएको हो। पोस्टरमा फिल्मको प्रदर्शन मिति आगामी भदौ २७ बताइएको छ। सार्वजनिक तीन पोस्टर मध्ये पहिलो पोस्टरमा अभिनेता दयाहाङ राई र रिस्मा गुरुङ प्रस्तुत छन्। तेस्रो पोस्टरमा दयाहाङ, रिस्मा र गौमायासहित सवैजसो मुख्य कलाकार अटाएका छन्।

**आजको विचार...**



उच्च.... (दुई पेजमा)

डा. गणेशप्रसाद घिमिरे



विश्व प्रसिद्ध कान्स फिल्म फेस्टिभलको ७८ औ संस्करण मंगलबारदेखि सुरु हुदैछ । फ्रान्सको दक्षिणपूर्वी फ्रेन्च रिभिएरा क्षेत्रको कान्स सहरमा १३ देखि २४ मे सम्म महोत्सव आयोजना हुनेछ ।


❒ वर्ष ३० ❒ अंक २८७ ❒ २०८२ वैशाख ३० गते मंगलबार 13 May 2025, Tuesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# 'द्वन्द्वग्रस्त विश्वमा बुद्धका सन्देशको सान्दर्भिकता बढेको छ'

हाम्रा संवाददाता

**बुटवल,** वैशाख २९/प्रधानमन्त्री केपी शर्मा ओलीले विश्वमा बढ्दै गएको द्वन्द्वका कारण गौतम बुद्धका सन्देश महत्वपूर्ण हुँदै गएको बताएका छन् । बुद्ध जन्मस्थल लुम्बिनीमा सोमबार आयोजित २५६९ औँ बुद्धजयन्ती एवम् लुम्बिनी दिवस-२०८२ मूल समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले समयक्रममा बुद्धको उपदेशको सान्दर्भिकता बढ्दै गएको बताएका हुन् ।

विश्वव्यापीरुपमा बढिरहेको अशान्ति र द्वन्द्व समाधान गर्न बुद्धका सन्देशको सान्दर्भिकता बढ्दै गएको उनले उल्लेख गरे । बुद्ध शिक्षाको महत्व अहिले पनि व्यक्ति, परिवार र मुलुकका लागि अपरिहार्य रहेको प्रधानमन्त्री ओलीले बताए । अहिले विश्वमा आम विध्वंसका हतियार निर्माण गरिनु खतरनाक भएकाले त्यसबाट उन्मुक्तिका लागि पनि विश्व शान्तिको पक्षमा लाग्नुपर्ने उनले बताए । प्रधानमन्त्री ओलीले भारत-पाकिस्तान बीचको द्वन्द्व नेपालसहित अन्तरराष्ट्रिय जगतको



अनुरोधपछि दुवै पक्ष संयमित भएका तथा त्यसको परिणामस्वरुप युद्ध रोकिनुका साथै क्षति हुनबाट जोगिएकामा खुसी व्यक्त गरे । केही दिनअघि छिमेकी मुलुक भारत र पाकिस्तानबीच तनावको स्थिति देखिएको प्रसङ्ग उल्लेख गर्दै उनले तर स्थिति त्योभन्दा बढी अघि बढ्न नपाएको र संयमताका लागि दुवै पक्षलाई धन्यवाद समेत दिए । "हामीले सुरुदेखि नै तनावको स्थिति लडाइँमा परिणत हुन नपाओस् भन्यौँ, उहाँहरुसँग पनि कुरा गऱ्यौँ । उहाँहरुले लडाइँमा नजाने प्रतिबद्धता व्यक्त गर्नुभयो", प्रधानमन्त्री ओलीले भने । विद्यमान विश्वपरिवेशमा बुद्धको शान्तिको सन्देश जतासुकै आवश्यक रहेको उनको भनाइ थियो । शान्ति, मानवता र करूणा उपदेशलाई आत्मसात गर्दै बुद्धका सन्देश संसारभर फैलाउन आवश्यक रहेको प्रधानमन्त्री ओलीले बताए । मानव अस्तित्व र पृथ्वीको सुरक्षाका लागि बुद्धका उपदेश मैत्रीभाव र करूणाको प्रवृत्ति हरेक मानिसले आत्मसात गर्न आवश्यक रहेको ओलीको भनाइ थियो । प्रधानमन्त्री ओलीले बुद्धको शिक्षाको मुख्य उद्देश्य शान्ति, मानवतावाद र करूणा रहेको उल्लेख गर्दै बुद्धका उपदेश र आदर्श हामीले आत्मसात गर्नुपर्ने बताए । प्रधानमन्त्री ओलीले हरेक वर्ष लुम्बिनीमा बुद्ध जयन्ती मनाउँदा हलको अभाव देखेपछि आफूले पहल गरेर ५ हजार जना अट्ने अन्तर्राष्ट्रियस्तरको सभाहल निर्माण गरेपनि बोलेको कसैले नसुन्ने बनेकोमा आलोचना गरे । अगाडि दर्शकले केही नसुन्ने हल बनेको उनको टिप्पणी थियो ।

## संक्षिप्त समाचार

### सडक दुर्घटना हुँदा १३ को मृत्यु



(रासस/सिन्ह्वा)

**नयाँदिल्ली,** वैशाख २९/भारतको मध्यक्षेत्रमा अवस्थित छत्तीसगढ राज्यमा आइतबार राति बस र ट्रक एकआपसमा ठोक्किँदा नौ महिला र एक शिशुसहित कम्तीमा १३ जनाको मृत्यु भएको छ । घटनामा अन्य १४ जना घाइते भएका स्थानीय प्रहरीले पुष्टि गरेको छ । राज्यको राजधानी रायपुर नजिकै शनिबार राति ११ बजे दुर्घटना भएको हो । आफन्तको घरमा आयोजित एक कार्यक्रममा सहभागी भएर घर फर्कंदै गर्दा उक्त दुर्घटना भएको थियो । घाइतेहरुलाई स्थानीय अस्पतालमा भर्ना गरिएको छ । घाइतेमध्ये दुईजनाको अवस्था गम्भीर रहेको बताइएको छ । राज्यका पूर्व मुख्यमन्त्री भूपेश बघेलले हालैका वर्षहरूमा छत्तीसगढमा सडक दुर्घटनाको सङ्ख्यामा वृद्धि भएको बताउँदै राज्य सरकारलाई यस्ता दुर्घटनाहरू रोक्न र मानव जीवन बचाउन कदम चाल्न आग्रह गरे ।


## स्वदेशी मौलिक उत्पादनको प्रवर्द्धन गरौं

- हाम्रो मौलिक उत्पादन पहिचानमात्र होईन आय आर्जनको स्रोत पनि हो,
- घरेलु र परम्परागत सीपमा आधारित उत्पादनको अभिबृद्धि गर्दै स्वावलम्बी र स्वरोजगार बनौं,
- स्थानीय सीप, क्षमता र कच्चा पदार्थको उपयोग गरौं,
- हस्तकला लगायतका व्यवसाय सानो पूर्जीमा पनि थालनी गर्न सकिन्छ,
- स्वदेशी उत्पादनबाट आत्मनिर्भर बनौं,
- आयातित वस्तुको सट्टा स्वदेशी उत्पादनलाई प्रोत्साहन गरौं,

अर्थतन्त्रमा योगदान गरौं, मुलुकलाई समृद्ध बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## पहिलेको चरिचरन, अहिलेको पर्यटकीय गन्तव्य

**गलकोट (बागलुङ),** वैशाख २९/एक दशकअघिसम्म हाँडिकोटको महत्व पशु चरिचरनका लैजाने स्थानीयले मात्र चिन्दथे । पशुचौयाया चराउने र घाँस दाउरा लिन पुग्ने हाँडिकोटमा अहिले पर्यटकीय गन्तव्य बन्दै गएको छ ।

घना जङ्गलको बीचमा रहेको अग्लो पहाड हाँडिकोट टापु एकाएक चर्चामा आउन थालेपछि पदयात्रामा आउनेका लागि उपयुक्त गन्तव्य बन्न थालेको हो । समुद्री सतहदेखि दुई हजार एक सय ९५ मिटर उचाइमा रहेको हाँडिकोट जैमिनी क्षेत्रकै अग्लो पहाडमा अहिले गोठाला जान छोडे तर आन्तरिक पर्यटक पुग्न थालेका छन् । हाँडिकोट पुग्नका लागि डाँडाखानी र ब्याडथलाबाट दुवैतर्फबाट पदमार्ग निर्माण भएपछि पदयात्रामार्फत त्यहाँ पुग्ने पर्यटकहरू आकर्षित भएका हुन् । डाँडाखानीबाट झण्डै चार किमी पदमार्ग र ब्याडथलाबाट तीन किलोमिटर परम्परागत पदमार्ग निर्माणपछि त्यहाँ पुग्ने



पर्यटकलाई सहज भएको छ । पूर्वाधार र प्रचार-प्रसारका कारण ऐतिहासिक तथा पशुपालन किसानको चरिचरनस्थल हाँडिकोट टापु पुग्ने आन्तरिक पर्यटकहरू बढिरहेका छन् । बागलुङको गलकोट दुदिलाभाटीबाट तस्बिर कैद गर्नका लागि हाँडिकोट पुगेका राम खत्रीले यहाँबाट देखिने मनोरम दृश्यले लोभाएको बताए । डाँडाखानीबाट एक घण्टको पैदलयात्रामा हाँडिकोट पगेका खत्री फर्कँदा ब्याडथलाको पदमार्ग प्रयोग गरेको बताउन्छन् ।

-बाँकी अन्तिम पेजमा...

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

# सम्पादकीय

## बुद्धका सन्देशको सान्दर्भिकता

भगवान् सिद्धार्थ बुद्ध बौद्ध धर्मका प्रणेता हुन् । अधिकांश बौद्ध परम्पराले उनलाई कल्पका एक सम्यक सम्बुद्धको रूपमा मान्दछन् । बुद्ध भन्नाले बोधिप्राप्त वा अन्तिम सत्यको साक्षात्कार गरेको महामानव बुझिन्छ । गौतम बुद्धको वास्तविक नाम सिद्धार्थ गौतम थियो । उनी कुनै शान्ति दुत थिएन । उनी सद मार्गको मार्गदर्शक थिए ।

सोमबार बुद्धको जन्म जयन्ती मनाइएको छ । वैशाख शुक्ल पूर्णिमाको दिन गौतम बुद्धका जीवनमा महत्वपूर्ण तीन घटनाहरु भएकाले पनि बुद्ध जयन्तीको महत्वलाई विशेष रुपमा लिने गरिन्छ । बुद्ध जन्मेको, उनलाई बुद्धत्व प्राप्त भएको र उनले परिनिर्वाण गरेको तीनवटै महत्वपूर्ण घटनाहरु वैशाख शुक्ल पूर्णिमाका दिनमा परेका थिए । ईसापूर्वको पाँचौ शताब्दीसम्म गौतम बुद्ध जीवित रहेको आधारमा बुद्धमार्गीहरुले बुद्ध जयन्ती गणना गरिएको देखिन्छ । बुद्धले विश्व शान्ति स्थापनाका लागि पुर्‍याएको योगदानको स्मरणस्वरुप यो पर्व मनाइन्छ । 'अहिंसा नै शान्ति र मैत्रीको आधारशिला हो', यस्ता अनेकौं कालजयी सन्देशका वाहक बुद्धको जन्मजयन्तीमा शान्तिको कामना गर्ने गरिन्छ । शान्तिका अग्रदूधका रुपमा चिनिएका बुद्धको जयन्ती मनाउनु आफैमा सकरात्मक हो । तर उनको उपदेश वा सन्देशको अनुसरण गरियो कि गरिएन त्यो महत्वपूर्ण हो । बुद्धले संसारलाई शान्तिको मार्गमा हिंड्न प्रेरित गर्दै जीवन र मरणको भवसागरबाट मुक्त हुने मार्ग देखाएका थिए । यो मार्ग विश्वका लागि अनुकरणीय छ । बुद्धका उपदेशमा अहिंसा, मित्रता र विश्व वन्धुत्वको सन्देश छ ।

लोभ, तृष्णा, मोह, रिस, राग, स्वार्थ नै दुःखका मूल कारण भएकाले त्यसको त्याग गर्नु नै सुख, शान्ति र आनन्दतर्फ अग्रसर हुनु हो । बुद्धका पञ्चशील शिक्षाको पालनाले जीवनलाई सहज बनाउँछ, दुःख अन्त्य गर्छ र निर्वाण प्राप्त हुन्छ । बुद्ध दर्शन बौद्ध धर्मावलम्बीका लागि मात्र नभएर सम्पूर्ण मानव जातिकै लागि अमूल्य निधि हो । हरेक वर्ष बुद्ध जयन्ती मनाइने गरिए पनि बुद्धको यी उपदेशलाई भने कोही कसैले पनि अनुसरण गरेको पाइदैन । यो अत्यन्त दुखको कुरा हो । आजको विश्व कहालीलाग्दो चपेटामा भासिन पुगेको छ, शान्तिको अग्रदूत गौतम बुद्धले दिएको ज्ञानलाई शिरोधार्य गर्ने हो भने पूरा विश्व नै सुन्दर नगरी शान्ति क्षेत्र बन्ने कुरामा कसैको पनि दुई मत छैन । यसर्थ अहिलेको अवस्थामा बुद्धको सन्देशको सान्दर्भिकता बढ्दो भएकाले यसको अनुसरण गर्न जरुरी छ ।

### Opinion @ Social Network

घमण्डी सोच्नेले घमण्डी ठान्छ त के भो जीवनको बाटोमा भेटिने
हर कोही संग झुक्न जरुरी ठान्दिनँ मै ।
*(मनिषा सारुको फेसबुक स्टाटस https://www.facebook.com/Manisha.Saru)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# उच्च शिक्षामा कमजोर भयो देश



डा. गणेशप्रसाद घिमिरे

*आफूलाई योग्य मानेका प्राध्यापक लाचार भएर बाहिरिन्छ र हराउँछ भीडमा । आफूलाई सत्तोसराप गर्छ किन राजनीतिमा सक्रिय नभएको भनेर ? अनुसन्धान, खोज र अन्वेषणमा हराएको एउटा प्राध्यापक राजनीतिको खोल ओडेर भित्रिएको व्यक्तिसित हारेर थकित बनेको हुन्छ । उच्चशिक्षाको हालत र वर्तमान नेपालको शिक्षा नीतिको अवस्था यही नै छ । राजनीतिले समाजका व्यक्तिलाई सचेत गराउने हो । गराएको पनि छ । आरक्षणका नाममा जागिर पाइएको छ । आफ्नालाई काखा गर्ने नाममा योग्यता हेरिएको छैन । आफू र आफ्नालाई पुग्ने सम्पत्ति कमाउन राजनीति गर्ने व्यक्तिले शिक्षामा भएको ठाडो हस्तक्षेपलाई रोक्ने प्रयास पनि गर्दैन ।*

विकसित, विकाशशील, विकासोन्मुख देशको मौलिक आधार शिक्षा हो । शिक्षाका माध्यमबाट नै देशविकासको रेखा कोरिएको हुन्छ । त्यसैले शिक्षालाई देश विकासको आधार मानिएको हो । यही आधारमा टेकेर नै देशले विकास गरेको हुन्छ । समाजका हरेक क्रिया र निरन्तर हुने विकासलाई शिक्षाले गतिशील तुल्याएको हुन्छ । अत: शिक्षालाई देश विकासको आधार मानिएको हुन्छ । शिक्षाबाट देशमा रहेका बालबालिकाको भविष्य कोरिने हुनाले शिक्षालाई नै देश उन्नतिको आधार मानिएको हुन्छ । शिक्षा भएन भने देशविकासको मार्गचित्र कमजोर हुने हुनाले यसलाई नै मुख्य आधार मानिएको छ । शिक्षामा सम्पन्न र देश सुहाउँदो शिक्षा दिएर गतिशील बनेका देशहरू विकासका खुड्किला पार गर्न सफल भएका छन् । ती देशहरू हामी जस्तै लाचार भने छैनन् । समाजलाई गति दिने र भविष्यलाई सुरक्षित बनाउने आधार शिक्षालाई मानिएको हुन्छ । शिक्षाको समग्र विकास नै देश विकासको पहिलो पहिचान हो । यही पहिचानका आधारमा शिक्षाले गति लिएको हुन्छ । विकसित मुलुकले शिक्षाको सही पहिचान अनुसार विश्वविद्यालयको स्थापनामा आफूलाई उतारेका हुन्छन् । उनीहरूको नीतिले देशलाई मात्र होइन देश विकासको आधारलाई पहिचान बनाएर संसारमा आफू बस्ने देश र देशवासीको पहिचान शिक्षाका माध्यमबाट नै माथि उठाएको हुन्छन् । त्यसैले शिक्षाको मूल आधार भनेको नै मानिसको जीवन जिउने आधार हो । यही आधारमा व्यक्ति, परिवार, समाज र देशले काँचुली फेर्ने गरेको हुन्छ । शिक्षाको विकास उन्नत देश र देशवासीको पहिचान हो भन्नु नै सही ठहरिनेछ ।

**पलायन भयो जनशक्ति :** गणतन्त्रमा प्रवेश गरेको पनि लगभग बीस वर्ष हुन लाग्यो । गणतन्त्रको प्रवेशसँगै नेपाल सात प्रदेशमा विभाजन हुनपुगेको छ । यी सात प्रदेश अधिकार सम्पन्न छन् । उनीहरूलाई विश्वविद्यालय खोल्ने आधार कानुनमा टेकेर दिइएको छ । प्रत्येक प्रदेशमा विश्वविद्यालय हुनुपर्दछ भन्ने आवाज उठिरहेका छन् । दक्ष जनशक्ति उत्पादन प्रदेशको जिम्मेवारी पनि हो भन्ने भावनालाई सै, प्रदेश र पालिकाले अनुभव गरेका छन् । त्यसैले स्थानीय सरकारले स्थानीय शिक्षालाई प्राथमिकतामा राखेर अघि बढेको देखियो । स्थानीय सरकारले स्थानीय विद्यालयलाई शैक्षिक पात्रोका माध्यमबाट शिक्षा दिन र आफूलाई खरो रूपमा उतार्न सफल बनाएका पनि छन् । तर, स्थानीय सरकार निजी विद्यालयले लिने शुल्कमा भने मौन देखिएका छन् । सरकारी विद्यायलमा स्थानीय निकायको पहल गतिशील बनेको छ र कतिपय पालिकाले शिक्षालाई सुधारको बाटोमा ल्याएका पनि छन् । स्थानीय सरकारले विद्यालय पढाउने शिक्षकलाई इज्जत, सम्मान दिन नसकेको गुनासा नआएका पनि होइनन् । तर स्थानीयतहले विद्यालयीय शिक्षालाई गतिलो तरिकाले व्यवस्थापन गरेका तर्कमा सही थाप्न सकिन्छ । विद्यालययीय शिक्षा पाएको शिक्षार्थी उच्च शिक्षाको अध्ययनमा सफल हुन सकेको देखिँदैन । पचहत्तर प्रतिशत विद्यालय अध्ययन गरेका विद्यार्थी विदेश पलायनमा आफूलाई उतारेका छन् । विदेश जानका लागि विद्यार्थी दुई वा तीन वर्ष कुर्न सक्छ तर उच्चशिक्षा अध्ययनका लागि विश्वविद्यालयमा प्रवेश गर्न रुचाउँदैन किन ? अध्ययन आफैंमा ज्ञान हो । अध्ययन बोझ होइन । ज्ञानको क्षेत्र फराकिलो भएमा आफू संसारमा बिक्न सकिन्छ भन्ने आधार नेपालका विश्वविद्यालयले दिन सकेका छैनन् । उच्चशिक्षाको अध्ययनमा समर्पित विद्यार्थी आफूलाई नै विश्वासिलो वातावरण दिन असफल भएको देखिन्छ । सफलता बाटो हो । सफलता आफूलाई सक्षम बनाउने आधार हो तर उच्च शिक्षा अध्ययनमा समर्पित भएको विद्यार्थी पनि आफूलाई सक्षम बनाउन सफल भएको देखिँदैन । दश जोड दुई अध्ययन गरेर उसले आफूलाई विदशी भूमिमा उतार्ने प्रयास गरेको हुन्छ । विदेशको प्रवेशाज्ञा नपाए स्नातक अध्ययनतर्फ आफूलाई समर्पित गर्ने प्रयास गरेको हुन्छ । स्नातक अध्ययनको समयमा पनि प्रवेशाज्ञा नपाएमात्र ऊ उच्चशिक्षामा समर्पित बनेको हुन्छ । उच्च शिक्षा पाएको व्यक्तिले आफूलाई र आफ्नो अध्ययनलाई देशमा सुरक्षित देख्दैन । अन्तत: पलायनको बाटो रोजेको हुन्छ विदेशी भूमिका लागि । विद्यावारिधि वा अन्य विषयमा स्नातकोत्तर अध्ययनको बाटो उसको पहिचान बनेर आएको हुन्छ । यही छ नेपालमा उच्चशिक्षाको अवस्था । देशले प्रतिवर्षको बजेट वक्तव्यमा नयाँ विश्वविद्यालयको अवधारणामा आफूलाई उतारेको हुन्छ । अध्ययन गर्ने जनशक्ति पलायन भइरहेको छ । यस अवस्थाबाट छुट्कारा पाउन देशले कहिले सक्ला ? कसैलाई पनि यसको उत्तर थाहा छैन । राजनीतिको रोटी सेक्ने हाम्रो देशका नागरिकले आफूलाई सम्पन्न नागरिकका रूपमा स्वीकार गरेको छ । देशको अवस्था दिनप्रतिदिन कमजोर छ । अध्ययन गरेको दक्ष जनशक्तिलाई देशको राजनीतिले रोक्न सकेको छैन । गणतन्त्र आफैंमा सफल शासन प्रणाली हो । यही गणतन्त्रले सबैभन्दा बढी दक्ष जनशक्तिलाई विदेशीभूमिमा पठायो किन ? उत्तरको अपेक्षा हामी सबै नेपालीले खोजका छौं । गणतन्त्रको शिक्षा कमजोर हो ? शिक्षा दिने गुरु कमजोर हो ? विद्यालय पठाउने अभिभावक कमजोर हो ? कमजोर को हो ? खोज्नु आवश्यक छ । यदि यो कमजोरी खोजिएन भने नेपालका विश्वविद्यालय विद्यार्थीको अभावमा सुनासान भएर खडा हुनेछन् । यो नियति हाम्रो देशले भोग्नुपर्नेछ समयमा सचेत भएनौं भने ।

**हस्तक्षेप रोकौं :** हाल केही दिन पहिले त्रिभुवन विश्वविद्यालयका उपकुलपतिले राजीनामा दिए । राजीनामा दिएको केही समयपछि विश्वविद्यालयका कुलपति ( प्रधानमन्त्री) ले राजीनामा स्वीकृत गरेका छन् । उपकुलपति स्वाथ्यलाई कारण देखाउँछन् तर भित्री रहस्य कुलपति, सैसङ्गठनको दबाबका साथै कुलपतिको ठाडो हस्तक्षेपलाई कारण बताउँछन् । सत्य राजीनामा दिने र राजीनामा स्वीकार गर्नेलाई मात्र थाहा होला ? यो विश्वविद्यालयमा देखापरेको राजनीतिको चरम दूरावस्था हो । विश्वविद्यालय पाठ्यक्रम, नीति, परीक्षाको निर्धारित समय र परीक्षाफल प्रकाशित हुने निश्चित पात्रोका आधारमा चल्नुपर्ने हो तर नेपालमा त्यसो हुनसकेन । योग्य क्षमतावान् व्यक्ति नियुक्त गर्ने भनेर विज्ञापन आउँछ । प्राध्यापक जस्तो गरिमा बोकेको व्यक्ति लामबद्ध भएर आफूलाई योग्य ठानेर दरखास्त दिन लागेको हुन्छ । उसले अन्तर्वार्ता दिने समय नजिकिँदै जाँदा निरास भएर बाहिर आउँछ र आफूलाई नै धिक्कारयोग्य ठान्दछ । योग्य होला, क्षमतावान् पनि होला, विश्वविद्यालय सुधार गर्न पनि सक्ला ? तर ऊसित आफूलाई त्यहाँ लैजाने राजनीतिक दलको प्रमुखको साथ छैन । निरास भएर आउँछ र आफूलाई लज्जाबोध भएको महसुस गर्दछ । यही छ हाम्रो देशको उच्चशिक्षाको अवस्था र देशले भोगेको विडम्बना पनि । यही विडम्बनाको अस्तित्वमा घुस्रिएको छ मानवमस्तिष्क र त्यसले अपनाउने आधार । आफूलाई योग्य मानेका प्राध्यापक लाचार भएर बाहिरिन्छ र हराउँछ भीडमा । आफूलाई सत्तोसराप गर्छ किन राजनीतिमा सक्रिय नभएको भनेर ? अनुसन्धान, खोज र अन्वेषणमा हराएको एउटा प्राध्यापक राजनीतिको खोल ओडेर भित्रिएको व्यक्तिसित हारेर थकित बनेको हुन्छ । उच्चशिक्षाको हालत र वर्तमान नेपालको शिक्षा नीतिको अवस्था यही नै छ । राजनीतिले समाजका व्यक्तिलाई सचेत गराउने हो । गराएको पनि छ । आरक्षणका नाममा जागिर पाइएको छ । आफ्नालाई काखा गर्ने नाममा योग्यता हेरिएको छैन । आफू र आफ्नालाई पुग्ने सम्पत्ति कमाउन राजनीति गर्ने व्यक्तिले शिक्षामा भएको ठाडो हस्तक्षेपलाई रोक्ने प्रयास पनि गर्दैन । राजनीतिक दलहरूका संयन्त्र नै फलानो विश्वविद्यलायमा फलानो राजनीतिक दलको व्यक्ति उपकुलपति हुनेभन्ने निर्णय गरेर फर्कन्छ । शिक्षामन्त्रालय निवेदन माग्छ । यसरी नियुक्त भएका व्यक्ति र तिनले चलाएको विश्वविद्यालयमा अध्ययनको कुटिरो बोकेर कसरी विद्यार्थी यो देशमा उभिन्छ । सोच्ने बेला भएन र ? हस्तक्षेपले थलिएका विश्वविद्यालयका उपकुलपतिले दलका श्रेष्ठ व्यक्तिको मुख ताकेर आदेश पर्खिरहेको हुन्छ । विश्वविद्यालय स्वायत्त संस्था हुन् तर नेपालको हकमा त्यो लागू हुनसक्दैन । राजनीतिक दलको कार्यकर्ता नियुक्त भएको उपकुलपतिसित विश्वविद्यालय हाँक्ने क्षमता छैन । ऊसित शैक्षिक पात्रो निकाल्ने क्षमता पनि छैन । विद्यार्थीलाई जिम्मेवार बनाउन सक्ने आधार छैन । विद्यालयीय शिक्षा पाएको भर्खरको युवा यो देशमा देखापरेको शिक्षानीतिमा रोइरहेको हुन्छ । स्वायत्तलाई स्वतन्त्र रूपमा चल्ल नदिने राजनीतिक दलका नेता, तिनै राजनीतिक दलका विद्यार्थी, प्राध्यपक तथा कर्मचारी संगठनका नाइके र तिनले बोकेको राजनीतिक पहिचानले विश्वविद्यलाय अध्ययन गर्न चाहने युवा पलायन भएको छ । देशको उच्चशिक्षालाई कमजोर नबनाऊँ । सुधार गरौं । अध्ययनका नाममा बाहिरिने युवाशक्तिलाई राकौं । उसलाई स्वदेशमा राखौं । राजनीतिक हस्तक्षेपले थलिएको उच्चशिक्षालाई सुदृढ बनाऔं । राजनीति होइन प्राज्ञिक मर्यादा हेरौं ।

***-इहिमालय टाइम्स डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
- बुटवल ०७१-५४०२२२
- स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
- बुटवल रामनगर ०७१-५४१२३३
- भैरहवा ०७१-५२०१९९
- अर्घाखाँची ०७७-५२११९९
- गुल्मी ०७९-५२०१९९
- परासी ०७८-५२०१९९
- तौलिहवा ०७६-५६००९९
- पाल्पा ०७५-५२०५३६, ५२०१९९
- इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
- लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
- लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
- भिमअस्पताल भैरहवा ०७१-५२०१९३
- मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
- परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
- पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
- लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
- पिचन्द्र परासी ०७८-५२०१८८
- भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
- अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
- तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
- तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
- सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
- बुटवल हस्पितल ०७१-५४६४३२
- लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
- रेडक्रस बुटवल ५४१००४
- लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
- मेडिटेक अस्पताल ५४९०७२
- कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
- आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
- रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
- रोटरी क्लब बुटवल ०७१-५४४६००
- लियो क्लब अफ बुटवल ०७१-५४५८९३
- रेडक्रस भैरहवा०७१-५२०२६३
- रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
- परासी ०७८-५२०१२५
- रेडक्रस पाल्पा ०७५-५२०६००
- रेडक्रस तौलिहवा ०७६-५६००१५
- रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
- रेडक्रस गुल्मी ०८९-५२०१६३
- नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
- लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
- नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
- जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
- लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
- बनगाई क्लब बनगाई ०७६-६९०१०२
- रेडक्रस देवदह ०७१-५७७०९९
- लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
- बुटवल जेसिस ९८४७१२९९६४
- न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
- परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
- रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४


## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : दाम्पत्य जीवन सुमधुर रहनेछ। धार्मिक तीर्थस्थलहरूमा भ्रमणका योग छन्। | **तुला**: गुरुजनहरूको सहयोग मिल्नेछ। पद प्रतिष्ठामा वृद्धि हुनेछ। |
| **वृष** : यात्रा सुखमय रहनेछ। घरपरिवारमा पाउनाको आगमनले मन उत्साहित रहनेछ। | **बृश्चिक** :मामलाहरूमा आफू अगाडि नबढ्नुहोस्। पौष्टिक भोजनको सेवन गर्नुहोस्। |
| **मिथुन** : सहयोगले विशेष कार्य सम्पादन हुनेछ। सन्तानको प्रगतिले मन प्रसन्न रहनेछ। | **धनु** : पेशामा उन्नतिको अवसर मिल्नेछ। शारीरिक थकान हावी रहनेछ। |
| **कर्कट** : समयलाई अनुकूल बनाउन सक्नुहुनेछ। आफन्तहरूको समय ब्यतीत हुनेछ। | **मकर**: व्यक्तिहरूसंग सम्पर्क बढ्नेछ। व्यापार व्यवसायबाट मनग्य लाभ प्राप्त हुनेछ। |
| **सिंह**: कुनै कुरालाई लिएर मन अशान्त र हनेछ। आफ्नो कार्य स्वयं गर्ने प्रयास गर्नुहोस्। | **कुम्भ** : धैर्यले आँटेको कार्य समयमा सम्पादन हुनेछ। स्वास्थ्यले साथ दिनेछ। |
| **कन्या** : सोच विचार गरेर पैसा खर्च गर्नुहोला। विद्यार्थीहरूको आत्मविश्वासमा वृद्धि हुनेछ। | **मिन** : बेलिको विपरीत अर्थ लाग्नेछ। स्वास्थ्य समस्यामा चिकित्सकको सलाह लिनुहोस्। |

## विज्ञान/सूचना प्रविधि

# शक्तिशाली सरकारलाई फेसबुक र एक्सले टेरेन्न

मुलुककै ठुलो दल नेपाली कांग्रेस- नेकपा एमाले नेतृत्वको सरकारले नियमन गर्न भन्दै पटक पटक सामाजिक सञ्जालहरूलाई सूचीकरण हुन पटक पटक पत्राचार गरे पनि उनीहरूले अटेर गरेका छन् । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयकाअनुसार अहिलेसम्म चार वटामात्रै सामाजिक सञ्जाल सूचिकृत भएका छन् । नेपालमा ४० वटा भन्दा बढी सामाजिक सञ्जाल सञ्चालित छन् । भाइबर, विइटक, टिकटक, निम्बज मात्र नेपालको कानुनअनुसार सूचीकृत भएका छन् । मेटा अन्तर्गत फेसबुक, इन्स्टाग्राम, थ्रेडस सूचीकरण भएको छैन । त्यस्तै विश्वकै धनि इलन मास्कको एक्स , स्न्यापच्याट, लिङदिन, विइच्याट, युटुव,टेलिग्राम,ट्ुथ,ग्रेटर, रेडिट, लाइन लगायत नेपालमा सञ्चालित छन् । यी पनि नेपालको कानुनअनुसार संचारमन्त्रालयमा सूचिकृत हुन अटेर गरिरहेका छन् । इलेक्ट्रोनिक कारोबार ऐन २०६३ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी सरकारले सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका ल्याएको थियो । सोही बमोजिम सञ्चार मन्त्रालयले २०८० मंसिर १५ गते पहिलो पटक सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालन गर्न चाहने व्यक्ति, कम्पनी वा संस्थाले आफ्नो सामाजिक सञ्जाल प्लेटफर्म मन्त्रालयमा सूचीकरण गर्नुपर्ने व्यवस्था अनुसार सूचना प्रकाशन भएको मितिले तीन महिना भित्र सूचीकरण हुन, नेपालभित्र सम्पर्क बिन्दु, आवासीय गुनासो सुन्ने अधिकारी र स्वनियमन परिपालनको निगरानी गर्ने अधिकारीको व्यवस्था गर्न भनेको थियो । त्यो निर्देशन विश्वकै खर्बपतिहरुका सामाजिक संजालले मानेका छैनन् । पहिलो पटकको निर्देशन नमानेपछि दोस्रो पटक सञ्चारमन्त्रायले ०८१ भदौ ६ को बैठकको निर्णय कार्यान्वयनका सुनिश्चितताको लागि भन्दै ताकेता गरेको थियो । त्यो ताकेता पनि पालना भएन । २२ अक्टोबर, २०२४ मा केही ठुला सामाजिक सञ्जाल प्लेटफर्मका चिफ अपरेटिङ अफिसर (सीओओ) लाई सम्बोधन गरी उक्त प्लेटफर्महरू सञ्चार मन्त्रालयमा सूचीकरण तथा निर्देशिकाको कार्यान्वयन साथै सरकारको निर्णय कार्यान्वयनका लागि इमेलमार्फत पत्राचार समेत गरिएको थियो । सोही निर्देशिकाको परिपालनाको सुनिश्चितताको लागि २०८१ माघ २१ गते गोरखापत्र राष्ट्रिय दैनिक र द राइजिङ्ग नेपालमा सूचना प्रकाशन गरी सूचीकरणको लागि आह्वान गरिएको र अन्तिम पटक २०८१ चैत ७ गते सूचीकरणको लागि ३० दिनको समयावधि दिई पुन: सूचना प्रकाशित गरेको lyof] .*-रातोपाटी डटकम*



# एआईले खोस्नै नसक्ने मानिसको क्षमता के हो ?



हामी यस्तो समयमा छौँ, जहाँ एआई (कृत्रिम बौद्धिकता)ले धेरै काम गर्न सक्छ । कम्प्युटरको कोड लेख्न, तथ्याङ्कको विश्लेषण गर्न तथा मान्छेका कुराकानीको नक्कल गर्न पनि सक्छ । हामी आश्चर्यचकित हुँदै सोच्छौं, अब मेसिनले गर्न नसक्ने के बाँकी रह्यो होला ! हामीलाई अब सबै कुरा मेसिनले गर्न सक्छजस्तो लाग्न सक्छ तर, एउटा यस्तो क्षमता छ, जसले मान्छेलाई मेसिनभन्दा फरक बनाइदिन्छ । त्यो हो- जिज्ञासा । एआईले कुनै पनि मान्छेको तुलनामा असाध्यै छिटो सूचनाको संश्लेषण गर्न सक्छ । विभिन्न ढाँचामा आधारित प्रश्नहरूको नक्कल गर्न सक्छ तर, उत्सुक भएर हेर्न भने सक्दैन । यसले आफ्नैलागि भनेर कुनै अज्ञात वा नवीन कुराको खोजी गर्न सक्दैन । हो, यही मानवीय गुण अर्थात् जिज्ञासालाई मेसिनले खोस्न सक्दैन । आजको दिनमा यही जिज्ञासाको आवश्यकता बढिरहेको छ । जिज्ञासाले आविष्कार र नवप्रवर्तनलाई जन्म दिन्छ । सिकाइलाई गति दिन्छ तथा नवीनतम् उपलब्धि हासिल गराउने प्रश्नहरूमा घोत्लिन प्रेरित गर्छ । जिज्ञासा नै त्यस्तो चिज हो, जसले हामीलाई नयाँ औषधि पत्ता लगाउन, व्यापारिक मोडेलहरूको पुनर्कल्पना गर्न तथा यथास्थितिलाई चुनौती दिनतर्फ अग्रसर गराउँछ । यस्तै सन्दर्भबारे बिल गेट्सको एउटा पुस्तक छ । त्यसको नाम हो- 'सोर्स कोड: माई न्यु बिगिनिङ्स' । पुस्तकमा गेट्स लेख्छन्, 'जिज्ञासा भन्ने कुरा शून्य वा केही नभएको ठाउँमा सन्तुष्ट हुँदैन । यसलाई स्याहार चाहिन्छ । स्रोत-साधन चाहिन्छ । मार्गदर्शन तथा सहयोग चाहिन्छ ।' उनी आफ्नो बाल्यकालमा आफ्नो अन्तहीन प्रश्नलाई झिजो नमानी सम्बोधन गर्दै, आफ्नो रुचिलाई प्रोत्साहन गरेर जीवनभरका लागि स्वाभाविक गुण बनाइदिएकोमा आफ्नो अविभावकलाई ठुलो श्रेय दिन्छन् । यस्तो प्रकारको सहयोग एआईले पाउन सम्भव हुँदैन । यसैले मानिसलाई मेसिनभन्दा फरक बनाउँछ ।

**एआईको जमानामा जिज्ञासा :** कुनै समय थियो, त्यसबखत कुनै प्रश्नको जबाफ थाहा भएको मानिस असाध्यै महत्त्वपूर्ण मानिन्थ्यो तर, आज उत्तर थाहा हुनुले मात्रै पुग्दैन । सही प्रश्न कोसँग छ भन्ने कुराले धेरै ठुलो अर्थ राख्ने समयमा हामी प्रवेश गरिसकेका छौँ । उपलब्ध तथ्याङ्कबाट कसरी उत्तर निकाल्ने भन्नेबारे एआई राम्ररी तालिम प्राप्त हुँदैछ । मान्छेले अहिले धेरै प्रकारका प्रश्न सोध्न सक्छन् । यस अघि दुरुह ठानिएका धेरै प्रश्न पनि सहजै हल हुन सक्छन् । जिज्ञासा नै त्यस्तो गुण हो, जसले अबका दिनमा एक-अर्काको नेतृत्वको क्षमतामा व्यापक फरक ल्याउन सक्छ । यसले निर्णय क्षमतामा थप सुधार ल्याउन सक्छ । कार्य क्षेत्रलाई अझ समावेशी बनाउन सक्छ तथा विविध संस्कृतिलाई समेट्न सक्छ । आजको समयको हतारको दैनिकी वा जीवनशैलीमा जिज्ञासा भनेको आराम वा विलासीको कुराजस्तो लाग्न सक्छ तर, कुरा त्यस्तो होइन । यो त अबको दिनमा बाँच्नका लागि चाहिने आधारभूत सिप हो । एआईले तथ्याङ्कको ठुलो इकाईलाई सहजै प्रशोधन गर्न त सक्छ तर, त्यसले विविध मान्यताहरूमा चुनौती खडा गर्ने वा कुनै निर्देशन बेगर तिनीहरूबारे खोज्ने काम गर्न सक्दैन । जिज्ञासुहरूले भने विविध प्रश्नमार्फत नयाँ विचार वा तरिका खोज्न सक्छन् ।

**एआई जिज्ञासु हुन्छ ?**

आजभोलि कृत्रिम बौद्धिकता भनेजस्तै 'कृत्रिम जिज्ञासा' भन्ने सन्दर्भबारे पनि चर्चा हुन थालेको छ । केही समय अघि एआईको क्षेत्रमा एउटा रोचक प्रयोग भएको थियो । अनुसन्धानकर्ताहरूले मेसिनहरूलाई स्वायत्त रूपमा आफैँ कसरी सिक्ने भनेर सिकाउने प्रयास गरेका थिए । यसै क्रममा भएको एउटा चर्चित अध्ययनमा अनुसन्धानकर्ताहरूले एउटा 'एआई एजेन्ट'लाई मारियो ब्रदर्स-जस्तो भिडियो गेमको 'लेवल' वा स्तर खोज्ने काम गर्न लगाए तर, त्यसमा 'रिवार्ड' के हुनेछ भन्ने कुरा जानकारी गराइएको थिएन । एआईले नयाँ क्षेत्रमा खोजी गर्नका लागि एक प्रकारको आफ्नै आन्तरिक प्रेरणाको मोडेल प्रयोग गर्‍यो । झट्ट हेर्दा आफैँमा यो जिज्ञासाजस्तो देखिन्थ्यो तर, खासमा यो जिज्ञासा थिएन । यो एक 'रिवार्ड फङसन' मात्रै थियो । मैले एआईबारे विश्वको अगुवा विचारक तथा 'सेल्स च्वाइस' की कार्यकारी निर्देशक डा. सिन्डी गोर्डनसँग अन्तर्वार्ता गरेको थिएँ । कुराकानीमा उनको जोड एआईले हामीले दिएका तथ्याङ्क तथा पारामिटरमा झाँकेर हेर्ने काममात्रै गर्छ भन्नेमा थियो । उनले साँच्चै नवप्रवर्तन वा आविष्कारचाहिँ यसको प्रभावकारी तथा उच्चतम (अप्टिमम) प्रयोग कसरी गर्ने भन्नेमा हुन्छ भनेकी थिइन् । उनले भनिन्, 'एआईले अमूर्त रूपमा वा मान्छेले जस्तै भावनात्मक तहमा बसेर सोच्न सक्दैन । यसले त हामीले दिएको तथ्याङ्क वा निर्देशनमात्रै लागु गर्ने हो ।' यसको अर्थ, प्रश्न वा प्रश्नको आधारमाथि नै प्रश्न गर्नु भनेको विशुद्ध मानवीय क्षमता र गुण हो ।

**कार्यस्थलको जिज्ञासाले रणनीतिमा कसरी सघाउँछ ?**

मसँगको कुराकानीमा भविष्यका सम्भावनाबारे अध्येता तथा सामाजिक-जीवविज्ञान विज्ञ रेबेका कोष्टाले मानिस जिज्ञासु भएको खण्डमा छिटै नयाँ आविष्कार मानिसको चिन्तन वा क्रियाकलापमा सहजै समायोजन हुन सक्ने बताइन् । उनका खोजहरूले पनि अबको दिनमा सबैभन्दा धेरै जान्ने मान्छे सफल नेतृत्वकर्ता बन्न नसक्ने देखाएका छन् । बरु आफूले थाहा नपाएका कुरा खोज्ने व्यग्र इच्छा भएकाहरू अबको दिनमा अगुवा बन्न सक्छन् । बरु प्रश्न पाएपछि रोकिन सक्ने, कल्पना गर्न सक्ने तथा सामुन्नेमा देखिएको यथार्थभन्दा पर सोच्न र हेर्न सक्ने अब्बल हुनेछ । एआईले भविष्यमा धेरै काम गर्न सक्छ तर यसलाई कता लैजाने वा कसरी लैजाने भन्ने कुरामा जिज्ञासाकै भूमिका हुनेछ र, यो गुण केवल मानिसमा मात्रै भएको गुण हो तर, यसको सुरक्षा भने आवश्यक छ ।

*-अनलाइन खबर डटकम*


## गुल्मी दरबार गाउँपालिकाको अनुरोध

- आफूले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौं ।
- आफ्नो घर-आँगन वरपर सधै सफा र स्वच्छ राखौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं
- कुनै सामान वा वस्तु खरिद (किन्दा) लेवल हेरेर म्याद रहे-नरहेको एकिन गरेर मात्र खरिद गर्ने बानी बसालौ ।
- म्याद गुज्रेका (Date Expiry) सडेगलेका सामाग्रीले हाम्रो स्वास्थ्यमा प्रत्यक्ष असर पर्ने भएको हुँदा त्यस्ता सामाग्रीको बिक्री वितरण नगरौं ।

| भेषराज घिमिरे | तारा थापा ढेंगा | सरोजकुमार थापा |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

गुल्मी दरबार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ओडाकोट, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

## रैनादेवी छहरा गाउँपालिकाको अनुरोध

-खानेपानीका मुल मुहानहरुका संरक्षण गरौं ।
- वन जंगलमा आगलागी हुन नदिन सावधानी अपनाऔं ।
-श्रम र श्रमजीवीहरुको सम्मान गरौं ।
- स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।
- अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
- आफ्नो घर-आँगन वरपर सधै सफा र स्वच्छ राखौं ।

| कृष्णप्रसाद ज्ञवाली | युवराज थापा | स्वमाङ्गत भट्टराई |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

रैनादेवी छहरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छहरा, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

## डढेलोबाट बचौं र बचाऔं

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानी पूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,
सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

अनुरोधक
डिभिजन वन कार्यालय
तानसेन, पाल्पा

## रूरूक्षेत्र गाउँपालिकाको अनुरोध

➢ स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।
➢ अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
➢ आफ्नो घर-आँगन वरपर सधै सफा र स्वच्छ राखौं ।
➢ आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं ।
➢ व्यापार, व्यवसाय, उद्योग, कलकारखाना सञ्चालन गर्दा सम्बन्धित निकायमा दर्ता गरी इजाजत-पत्र लिएर मात्र सञ्चालन गरौं ।
➢ आफूले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौ ।
➢ जन्म, मृत्यु, बसाईसराई, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरुको घटना घटेको ३५ दिन भित्र दर्ता गरौं ।

| लक्ष्मण पाण्डे | मीना देवी गौतम | यदु ज्ञवाली |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

रूरूक्षेत्र गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धिउवेंसी, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

# रेसुङ्गा विमानस्थलबाट सातामा तीन पटक उडान हुने




**गुल्मी,** वैशाख २९ गुल्मीको रेसुङ्गा विमानस्थलबाट हप्तामा तीन पटक उडान हुने भएको छ । यस अघि बिहीबार मात्र उडान हुँदै आएकोमा अबदेखि नियमित रूपमा आईतबार, मङ्गलबार र बिहीबार पनि उडान हुने भएको हो ।

नेपाल वायुसेवा निगमले यात्रुको चाप बढेसँगै हप्तामा तीन दिन उडान गर्न लागिएको रेसुङ्गा विमानस्थलका स्टेशन प्रमुख सुमन थापाले जानकारी दिए । नेपाल एरलायन्ससँग भएका दुई वटा ट्वीनअटर जहाज मर्मत भएसँगै रेसुङ्गा विमानस्थलमा उडान तालिका थप गरिएको हो । एयरलाइन्सका जहाज अभावका कारण सेवा नियमित हुन सकेको थिएन । एयरलाइन्सको टुइनेटर जहाजमार्फत सेवा सञ्चालन हुँदै आएको छ । रेसुङ्गा-काठमाडौँका लागि सात हजार ८० र काठमाडौँ-रेसुङ्गा सात हजार दुई सय ८० भाडादर कायम छ । मौसम खराबी र जहाज अभाव देखाएर नियमित उडान हुनसकेको थिएन । निगमको १८ सिट क्षमताको जहाजले बिहान ६:१० बजे काठमाडौँबाट रेसुङ्गा र बिहान ७:१५ बजे रेसुङ्गाबाट काठमाडौँका लागि उडान गर्ने गरी समय निर्धारण गरेको छ । वायुसेवा निगमको जहाज ग्राउन्डेड भएपछि जिल्लामा तीन महिना हवाई सेवा अबरुद्ध बनेको थियो । निगमले २०८० बैशाख २९ गतेदेखि गुल्मीमा व्यावसायिक रूपमा हवाई उडान शुरु गरेको हो । रेसुङ्गा बिमानस्थल सदरमुकाम तम्घासबाट पाँच किलोमिटरको दुरीमा पर्छ । जहाजमा अधिकाशं गम्भीर रोगका बिरामी, ज्येष्ठ नागरिक र अशक्त नागरिकले सेवा लिएका छन् ।

## पहिलेको चरिचरन, अहिलेको...

...उनले सूर्योदय हेर्न, गुराँसको वन हेर्न र दर्जनौं हिमाल हेर्नका लागि हाँडिकोट उपयुक्त गन्तव्य रहेको बताए । यहाँबाट धौलागिरि, अन्नपूर्ण, माछापुच्छ्रेसँगै दर्जनौं हिमश्रृङ्खला देख्न सकिन्छ ।

"फोटो भिडियो खिच्न रूची राखेर पैदलयात्रामार्फत पर्यटकीय स्थाल पुग्ने गरेको छु, हाँडिकोड पछिल्लो समय चर्चामा आएको गन्तव्य रहेछ, पदयात्रामा रूची राख्ने र प्रकृतिसँग रमाउनेका लागि हाँडिकोट उपयुक्त गन्तव्य लाग्यो, बिहानै आउने पर्यटकका लागि सूर्योदयले मनै लोभ्याउन्छ, कोलाहलपूर्ण वातावरणबाट अलग्गै बस्नका लागि हाँडिकोट पृथक गन्तव्य रहेछ", खत्रीले भने, "यहाँबाट देखिने जैमिनीका अधिकांश गाउँ, हिमालहरूले मनै लोभ्यायो, पहिलाको पशु चरिचरन अहिले पर्यटकीयस्थल भएछ ।" हाँडिकोट पुग्नका लागि पछिल्लो समय सडक मार्ग पुऱ्याइएको छ । जैमिनी नगरपालिकाले नगरको पर्यटकीय गन्तव्यमा जैमिनी धामपछि हाँडीकोट टापुलाई लिएर पूर्वाधार निर्माणमा तीव्रता दिएको जनाएको छ । धार्मिक तथा ऐतिहासिक महत्वको रूपमा रहेको हाँडिकोटका थुप्रै विशेषता रहेका छन् । जसमध्ये सूर्योदय र सूर्यास्त पर्यटकलाई लोभ्याउने माध्यम बनेको छ । बागलुङको जैमिनी नगरपालिकामा रहेको हाँडिकोट टापुबाट देखिने मनोरम दृश्यहरू आन्तरिक पर्यटकलाई साच्चिकै लोभ्याउने खालको छ । जैमिनी नगरपालिका-१० राङखानी, वडा नं ७ जैदी र वडा नं ८ छिस्तीको शिरमा रहेको हाँडिकोट टापु पछिल्लो बन्दोबस्तीका सामानसहित त्यही रात बिताउन जाने गरेका छन् । पदमार्गको पहुँच विस्तारपछि र प्रचार-प्रसारका कारण हाँडिकोटमा आन्तरिक पर्यटक आउन थालेको राङ्खानीका स्थानीय लालबहादुर पुनले बताए । उनले बाख्राभैँसी चराउन जाने हाँडिकोटमा अहिले पर्यटक आउने गरेको बताए । हाँडिकोटमा पुग्ने पदमार्ग, मन्दिर, सत्तल तथा भ्यू टावरलगायत संरचनामा करिब ७५ लाख खर्च भइसकेको जैमिनी नगरपालिकाले जनाएको छ । त्यहाँ भ्यू टावरले पूर्णता र खानेपानीको बन्दोबस्त हुन बाँकी रहेको छ । हाँडिकोट टापुबाट तल बाँदलले ढाकेका पहाडहरू देख्दा हाँडिकोटले त्यहाँ पुऱ्याउने पर्यटकहरूलाई लोभ्याउने गरेको छ । बाइसे चौबिसे राजाका पालामा रहेको दरबारका भग्नावशेषसमेत हाँडिकोटमा पाउन सकिन्छ । समथर भुभाग, राजदरबारका भग्नावशेष, मन्दिर, कुटी, पोखरी र शीला सुसज्जित हाँडिकोट पुगेर सूर्योदय हेर्ने र तस्बिर खिचाउन बागलुङ बजार, पर्वत, म्याग्दी र पोखराबाट पर्यटकहरू आउने गरेका छन् । हाँडिकोट पुग्नलाई सडक मार्ग, दुई तर्फबाट पदमार्ग, विश्रामस्थल, सत्तल, दृश्यावलोकन स्तम्भ, शिव मन्दिर, कुटी, मञ्च, खेल मैदान, टल्कने शिला संरक्षणलगायतका थुप्रै पर्यटकीय पूर्वाधार सहित ७५ लाखभन्दा बढी लगानी भइसकेको जैमिनी नगरपालिकाका उपप्रमुख हरिहर शर्माले जानकारी दिए । हाँडिकोटको प्रचार-प्रसारका लागि हाँडिकोट महोत्सव गरिँदै आएको छ । हाँडिकोटमा २०७७ साल यता पूर्वाधार निर्माणले तीव्रता पाएको हो । हाँडिकोट बाइसे चौबिसे राज्यका पालामा भुरेटाकुरे राजा रजौटाहरूले राज्य गरेको स्थान हो । भुरेटाकुरे राजारजौटाले प्रयोग गरेका जाँतो, ओखललगायत सामग्री अहिले जीवित रहेका छन् । हाँडिकोट टापु पुग्नका लागि सदरमुकाम बागलुङ बजारदेखि तीन घण्टाको मोटर यात्रामा व्याडथला र डाँडाखानी पुग्न सकिन्छ भने त्यहाँबाट पैदलयात्रा र सडक यात्रा दुवैमार्फत टापुमा पुगिन्छ । *-रासस*

**खेलकुद समाचार**

## श्रीलंकालाई हराउँदै नेपाल सेमिफाइनलमा



**काठमाडौं, वैशाख २९**/नेपालले यू-१९ साफ च्याम्पियनसिपमा श्रीलंकालाई ५-० ले पराजित गर्दै सेमिफाइनल यात्रा तय गरेको छ । नेपालसँगै समूह 'बी' बाट भारत पनि अन्तिम चारमा पुगेको छ । अब समूहको शीर्ष स्थानका लागि नेपाल र भारत भिड्ने छन् । दुवै टिम समान तीन-तीन अंकमा छन् । श्रीलंका भने लगातार दोस्रो हारसँगै प्रतियोगिताबाट बाहिरिएको छ । नेपालका लागि सुजन डंगोल, धर्वेन्द्र कुँवर र सुवास बम, विज्ञान खड्का र लक्षु थापाले १-१ गोल गरे। सुजनले पहिलो हाफको इन्ज्युरी समयको चौथो मिनेटमा पहिलो गोल गरे । उनले राम थापाको क्रसलाई गोलमा परिणत गरेका हुन् । धमेन्द्रले ६१ औं मिनेटमा दोस्रो गोल थपे । सुवासको क्रसमा उनको प्रहार डिृलेक्ट हुँदै गोलमा परिणत भएको थियोरु। सुवास आफैंले ७७ औं मिनेटमा गोल गरेका हुन् । विज्ञानले ९० औं मिनेटमा पाँचौं गोल गरे । लक्षुले दोस्रो हाफको इन्ज्युरी समयको चौथो मिनेटमा यो गोल गरेका हुन् ।यसै समूहको पहिलो खेलमा भारतले श्रीलंकामाथि ८-० को ठूलो अन्तरको जित निकालेको थियो । यसअघि समूह 'ए' बाट बंगलादेश सेमिफाइनल पुगेको छ । उसले आइतबारको पहिलो खेलमा भुटानलाई ३-० ले पराजित गरेको थियो । जितसँगै बंगलादेशको दुई खेलबाट चार अंक भएको छ । आफ्नो पहिलो खेलमा बंगलादेशले माल्दिभ्ससँग २-२ को बराबरी खेलेको थियो । अब यो समूहको लिग चरणको अन्तिम लिग खेलमा माल्दिभ्स र भुटान भिड्ने छन् ।

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

**अर्थ/कर्पोरेट समाचार**

## नौ महिनामा ११ खर्ब ९१ अर्ब ३१ करोड विप्रेषण भित्रियो




**पाल्पा,** वैशाख २९/चालु आर्थिक वर्षको नौ महिनामा ११ खर्ब ९१ अर्ब ३१ करोड विप्रेषण भित्रिएको छ । नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको विवरण अनुसार समीक्षा अवधिमा विप्रेषण आप्रवाह १० प्रतिशतले वृद्धि भएको हो ।

अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह १७ दशमलव दुई प्रतिशतले वृद्धि भएको थियो । अमेरिकी डलरमा विप्रेषण आप्रवाह सात दशमलव तीन प्रतिशतले वृद्धि भई आठ अर्ब ७४ करोड पुगेको छ । अघिल्लो वर्ष सोही प्रकृतिको आप्रवाह १५ दशमलव दुई प्रतिशतले वृद्धि भएको थियो । यस्तै चालु आर्थिक वर्षको ९ महिनामा मात्र विदेशी मुद्रा (विनिमय) सञ्चिति ३ खर्ब ८५ अर्ब ७४ करोड रुपैयाँले बढेको छ । योसँगै गत चैतसम्म मुलुकको कुल विदेशी मुद्रा सञ्चिति २४ खर्ब २६ अर्ब ८४ करोड रुपैयाँ पुगेको छ । गत असारको तुलनामा चैतसम्म विदेशी मुद्रा सञ्चिति १८.९ प्रतिशतले बढेको हो । २०८१ असार मसान्तमा कुल विदेशी मुद्रा सञ्चिति २० खर्ब ४१ अर्ब १० करोड थियो । 'अमेरिकी डलरमा गत असारमा १५ अर्ब २७ करोड अमेरिकी डलर रहेको विदेशी मुद्रा सञ्चिति चैतसम्म १५.४ प्रतिशतले बढेर १७ अर्ब ६३ करोड पुगेको छ,' राष्ट्र बैंकले भनेको छ । नौ महिनाको आयातलाई आधार मान्दा मुलुकको कुल विदेशी मुद्रा सञ्चितिले १७.१ महिनाको वस्तु आयात र १४.२ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने राष्ट्र बैंकको दाबी छ ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई